# भक्तपुर नगरपालिकाको आठौं नगरसभा

## २०७७ पुष २९ गते, बुधबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको आठौं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालको प्रमुख आतिथ्यमा भ.न.पा. सभा कक्षमा सम्पन्न भयो ।

२. भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि श्री प्रेम सुवाल, नगर प्रमुख श्री सुनिल प्रजापति, विशेष अतिथि बागमती प्रदेश सभाका सदस्य माननीय श्री सुरेन्द्रराज गोसाई, उपप्रमुख श्री रजनी जोशी, अतिथि प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद भट्टराई, प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ र ९ नं. वडाका वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले बोल्नु भएको थियो ।

३. आठौं नगर सभाको औपचारिक उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले नगर सभाको बैठकको कारवाही प्रारम्भ आफ्ना संक्षिप्त मन्तव्यसहित शुरुवात गर्दै उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । अर्को बैठक २०७७ माघ ४ गते आईतबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको आठौं नगर सभा (दोश्रो दिन)**
**२०७७ माघ ४ गते, आइतबार**

१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट आठौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयको छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२) विशेष समयको छलफलमा भाग लिंदै सभासदहरु श्री श्याम सुन्दर मातांले बालबालिकाहरुको सर्वाङ्गीन विकास, विद्यालय संचालन, शिक्षकहरुको तलव, जनज्योति पुस्तकालय स्तोरन्नती विषयमा, सभासद श्री हरिरत्न गोर्खालीले नक्सा पास प्रक्रिया सहज बनाउनु पर्ने, आधुनिक विउ विजन व्यवस्था गरी कृषि उत्पादन वृद्धि गर्नुपर्ने बताउनु भयो भने सभासद श्री जितेन्द्र मुनंकर्मीले स्मार्ट सिटीबारे आफ्नो विचार राख्नुभयो ।

त्यस्तै सभासद श्री राजेन्द्र माकले खानेपानी समस्या समाधान गर्नुपर्ने, हनुमन्ते खोलाको सिमांकन गर्नुपने ,  सभासद श्री इन्द्रबहादुर प्याथले कोभिडको जोखिम कायम भएकोले रोकथाम र नियन्त्रणको लागि पहल जारी राख्नुपर्ने र सभासद श्री शिवप्रसाद बालाले घरको पेटीको प्लिन्थ उचाई एकरुपता हुनुपर्ने, आवास योजनाको बाटो र चलन चल्तीको बाटो सम्बन्धी मापदण्ड र हनुमन्ते खोलाको मापदण्ड स्पष्ट हुनुपर्ने विचार राख्नुभयो ।

त्यस्तै सभासद श्री सूर्य प्रसाद श्रेष्ठले कोभिडको समयमा लापरवाही बढेको, हनुमन्ते खोला फराकिलो पार्नुपर्ने, न.पा. बाट निर्मित कानूनहरु कार्यान्विनय गर्नुपर्ने, सभासद श्री रत्नकाजी नायभारीले देको मिवा इतापाके आवास योजनाको शीघ्र सम्पन्न गर्नुपर्ने, सभासद श्री कृष्ण गोपाल चौगुठीले कोभिड रोकथाम र नियन्त्रणमा जनप्रतिनिधि परिचालन विषयमा, सभासद श्री बलराम न्हिसुतुले भेलुखेलस्थित पुरानो कम्पोष्ट प्लान्ट क्षेत्र सदुपयोग गर्नुपर्ने, सांस्कृतिक सहयोग सदुपयोगको व्यवस्था गर्नुपर्ने, नगर प्रहरी नियुक्ति र परिचालन गर्नुपर्ने, खुल्ला व्यायाम स्थल व्यवस्थित गर्नुपर्ने र सभासद श्री गोविन्द दुवालले सम सामयिक राजनीति, कृषिमा नवउदारवादको प्रभाव लगायतका विषयमा आफ्नो विचारहरु प्रस्तुत गर्नुभयो ।

३) सभासदहरुले उठाएका जिज्ञासाहरुको आ–आफ्नो समितिसंग सम्बन्धित विषयमा देहाय बमोजिमका समितिका संयोजकहरुले प्रष्ट पार्नु भयो :

१. श्री रविन्द्र ज्याख्व – वातावरण तथा पर्यटन समिति (शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति)

२. श्री उकेश कवां – निर्माण समिति

३. श्री राजकृष्ण गोरा– कृषि समिति

४. श्री हरि प्रसाद बासुकला– आर्थिक समिति

४. सभा अध्यक्ष सुनिल प्रजापतिले आधा घण्टाको लागि सभा स्थगन पछि पुनः सभाको शुरुवात गर्नु भई विधायन समितिका संयोजक श्री हरि राम सुवाललाई श्वास प्रश्वास पुनर्स्थापना केन्द्र संचालन नियमावली–२०७७ सम्बन्धी प्रस्ताव छलफलको लागि सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले प्रस्ताव सभामा पेश गर्नुभयो ।

५) सभा अध्यक्ष सुनिल प्रजापतिले आठौं नगर सभाको अर्को बैठक मिति २०७७।१०।६ गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको आठौं नगर सभा (तेश्रो दिन)
## २०७७ माघ ६ गते, मंगलबार

१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट आठौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयको व्यवस्था गरेको जानकारी गराउनु भयो र विशेष समयमा बोल्न चाहने सभासदहरुलाई नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनु भयो ।

२) विशेष समयमा भाग लिनु हुंदै सभासद श्री ज्ञानकुमार मगजुले सडक मापदण्ड नदोहोरिने गरी कायम गर्नुपर्ने, विजुली नआउने तारमुनिको घर नक्सा पास गर्नुपर्ने, सफाई मजदुर थप्नु पर्ने, सुकुन्दा फाँटमा निर्माण रोक्का गर्नुपर्ने, सभासद श्री सम्झना खाईजुले वास्तविक मोहीको हक कायम गर्न आवश्यक सहयोग गर्नुपर्ने, तरकारी बजार व्यवस्था, रासायनिक मल पर्याप्त रुपमा उपलब्ध गराउन पहल गर्नुपर्ने, विषादी प्रयोग र अन्य कृषि तालिम दिनुपर्ने, कृषि प्राविधिकको व्यवस्था गर्नुपर्ने र सभासद शिव प्रसाद बालाले नगरवासीहरुको लागि घर बनाई आवासको व्यवस्था मिलाउनुपर्ने, कर्मचारीहरुको बढुवा, स्तरवृद्धि गरी वृत्ति विकास गर्नुपर्ने, खोह्रेको चन्द्र विन्दु नामबारे प्रष्ट पार्नुपर्ने, चोरहरु लाई कानूनी कारवाहीको लागि आवश्यक सहयोग गर्नुपर्नेलगायतका विचारहरु राख्नु भयो ।

त्यस्तै सभासद श्री राजेन्द्र माकले कर्मचारीहरु शिष्ट हुनुपर्ने, वडा निरीक्षकलाई केही समय भएपनि वडा कार्यालयमा अनिवार्य हाजिर गराउनु पर्ने, खानेपानीको बैकल्पिक व्यवस्था मिलाउनु पर्ने, जनस्वास्थ्य केन्द्र व्यवस्थित गर्नुपर्ने, दिगो फोहोर व्यवस्थापन मिलाउनु पर्ने, ट्राइसाइकललाई सही प्रयोग गर्नुपर्ने, सभासद श्री ईन्द्र बहादुर प्याथले मालापोतको वरपर पार्किङ्गको व्यवस्था मिलाउनु पर्ने, आवास योजनाका कृषकहरुको लालपुर्जा फिर्ता सम्बन्धी लाभकर छुट गर्नुपर्ने, राष्ट्रिय परिचय पत्रको लागि विवरण संकलनबारे प्रष्ट पार्नुपर्ने, ब्रम्हायणी पिठको क्षेत्रबारे प्रष्ट पार्नुपर्ने, प्रदेशको विनियोजित बजेट सरल ढंगले प्राप्त हुने गरी आवश्यक सहयोग र पहल गर्नुपर्ने र सभासद श्री तुल्सीलक्ष्मी बाटी (दुमरु) ले सडक र यातायात व्यवस्थित गर्नुपर्ने, सडक पेटी व्यवस्थित गर्नुपर्ने, ढल व्यवस्थित गर्नुपर्ने, इन्द्रायणीको ढुंगेधारा र हाकुफो हिटीको निकास खोल्ने व्यवस्था गर्नुपर्ने, आवास योजना व्यवस्थित गर्नुपर्ने विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री हेरा ख्याजुले सकड पेटी र मशानघाट व्यवस्थित गर्नुपर्ने, खँचा पोखरी व्यवस्थित गर्नुपर्ने, पशुवधशाला व्यवस्थित गर्नुपर्ने, परोपकार भवन सदुपयोग गर्नुपर्ने, झर्टिला सिमांकन गर्नुपर्ने, नपाबाट भाडामा दिएका टहराहरु नियमन गर्नुपर्ने, चिस्यान केन्द्र खोल्नुपर्ने, कृषि विकास केन्द्र स्थापना गर्नुपर्ने, ढल र उपचार पोखरीबारे प्रष्ट पार्नुपर्ने, नयाँ स्रोत व्यवस्था गरी खानेपानी समस्या समाधान गर्नुपर्ने, सरकारी कार्यालयमा पर्याप्त पार्किङ्गको व्यवस्था गराउनु पर्ने, सभासद श्री सूर्यप्रसाद श्रेष्ठले सरसफाई व्यवस्थित गर्नुपर्ने, नगर शिक्षाका कर्मचारीहरु प्रलोभवनमा परेको, शिक्षकहरु जिल्लान्तरण गर्न आर्थिक लेनदेन भएकोबारे प्रष्ट पार्नुपर्ने, कर परिमार्जन गर्नुपर्ने, करको दायरा बढाउनु पर्ने, विज्ञापन कर संकलन गर्नुपर्ने, संभावित ठाउंहरुमा पार्किङ्ग शुल्क संकलन गर्नुपर्ने र सभासद श्री सिद्धिराम अवालले कोरोना रोकथाम र नियन्त्रणमा अझ ध्यान दिनुपर्ने, आफू संक्रमित भएको बेलाको अनुभव सुनाउनु हुँदै नगर अस्पताल यथाशीघ्र संचालन गर्नुपने ि लगायतका विषयमा आफ्नो विचार राख्नु भयो ।

३) विशेष समयमा सभासदहरुले उठाएका जिज्ञासाहरुको आ–आफ्नो समितिसंग सम्बन्धित विषयमा देहाय बमोजिमका समितिका संयोजकहरुले प्रष्ट पार्नु भयो :

१. श्री राजकृष्ण गोरा– कृषि समिति
२. श्री महेन्द्र खायमली – खानेपानी समिति
३. श्री हरि प्रसाद बासुकला– आर्थिक समिति
४. श्री उकेश कवां – निर्माण समिति
५. श्री रविन्द्र ज्याख्व – वातावरण तथा पर्यटन समिति (शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति)

४) सभा अध्यक्ष सुनिल प्रजापतिले २० मिनेटको स्थगन पछि पुनः सभाको शुरुवात गर्नु हुंदै सभाअध्यक्ष प्रजापतिले श्वास प्रश्वास पुनर्स्थापना केन्द्र संचालन नियमावली–२०७७ माथिको छलफलमा भाग लिन चाहने सभासदहरुलाई समय प्रदान गर्नु पर्ने भयो । छलफलमा भाग लिंदै सभासद श्री जितेन्द्र मुनंकर्मीले मुद्रा राक्षस मिलाउनु पर्ने, बजेट व्यवस्था प्रष्ट उल्लेख गर्नुपर्ने, मानिसको ठाउंमा विरामी लेख्नुपर्ने, सभासद श्री श्याम सुन्दर मातांले केन्द्र व्यवस्थित ढंगले संचालन संचालन गर्नुपर्ने, केन्द्रको प्रमुखबाट तह मिलान गरेर केन्द्र संचालन गर्नुपर्ने र सभासद श्री शिव प्रसाद बालाले सभाले पारित

गरेका नियमावली कार्यपालिकाले संशोधन सम्बन्धी व्यवस्थाबारे प्रष्ट पार्नुपर्ने विचारहरु व्यक्त गर्नु भयो ।

त्यस्तै सभासद श्री गोविन्द दुवालले अस्पताल व्यवस्थित संचालन गर्नुपर्ने, स्वास्थ्य क्षेत्रलाई निजीकरण हुनबाट जोगाउनु श्वास प्रश्वास पुनर्स्थापना केन्द्रले कार्य गर्नुपर्ने, पारित भएपछि तत्काल कार्यान्वयन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

५) सभासदहरुको जिज्ञासाहरुबारे स्पष्ट पार्न सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरि राम सुवालले श्वास प्रश्वास पुनर्स्थापना केन्द्र संचालन नियमावली–२०७७ मा तत्काल समस्या समाधानको लागि ८.१ धाराको व्यवस्था गरेको प्रष्ट पार्नुभयो ।

६) सभा अध्यक्ष सुनिल प्रजापतिले उपर्युक्त प्रस्ताव निर्णयार्थ सभामा पेश गर्नुभयो र भक्तपुर नगरपालिका श्वास प्रश्वास पुनर्स्थापना केन्द्र संचालन नियमावली–२०७७ सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित भएको जानकारी गराउनु भयो ।

७) सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरि राम सुवाललाई भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७ छलफलको लागि सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त प्रस्ताव सभामा पेश गर्नु भयो ।

८) सभा अध्यक्ष सुनिल प्रजापतिले विधायन समितिका संयोजक डा. हरि राम सुवाललाई भक्तपुर नगरपालिकाको शिशु स्याहार तथा बाल विकास केन्द्र संचालन कार्यविधि–२०७७ छलफलको लागि सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त प्रस्ताव सभामा पेश गर्नुभयो ।

९) सभा अध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक २०७७ माघ ८ गते, दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको आठौं नगर सभा (चौथो दिन)
## २०७७ माघ ८ गते, बिहीबार

१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले आठौं नगर सभाको चौथौ दिनको बैठक शुरु गर्नु हुंदै 'शिशु स्याहार तथा बाल विकास केन्द्र संचालन कार्यविधि-२०७७' सम्बन्धी छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनु भयो ।

२) 'शिशु स्याहार तथा बाल विकास केन्द्र संचालन कार्यविधि-२०७७' छलफलमा भाग लिनु हुंदै सभासद श्री सिद्धिराम अवालले निजी शिशु स्याहार केन्द्रभन्दा भनपाले संचालन गर्ने शिशु स्याहार केन्द्र राम्रो हुनुपर्ने, शिशु स्याहार केन्द्र बालमैत्री र सुरक्षित गर्नुपर्ने, सभासद श्री श्याम सुन्दर मातांले सहयोग समितिमा विज्ञहरु पनि समावेश गर्नुपर्ने, सहयोग समितिको अधिकार पनि उल्लेख गर्नुपर्ने, आय प्रमाणिकरण थप्नुपर्ने, केन्द्रको सरसफाई थप्नु पर्ने र सभासद श्री ज्ञानकुमार मगजुले शिशु स्याहार सबै वडामा संचालन गर्नुपर्ने विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री राजेन्द्र माकले केन्द्रको व्यवस्थापन महिला तथा बाल विकास समितिले हेर्नुपर्ने, ५ (क) मा मनोरञ्जन खेलकुद थप्नु पर्ने ५(ङ) थपेर स्वस्थ र पोषणयुक्त खाना ख्वाउने थप्नुपर्ने, ६(च) थपेर वडा नर्स सदस्य थप्नुपर्ने, शाखा प्रमुखको काम कर्तव्यमा सबै केन्द्रको अभिलेख राख्ने थप्नुपर्ने, वडा सचिवलाई सदस्य सचिव बनाउनु पर्ने, १५ मा (ञ) थपेर अभिभावक भेला गर्ने र सुझाव संकलन गर्ने थप्नुपर्ने र कारवाहीको व्यवस्था पनि थप्नु पर्ने विचार राख्नुभयो ।

३) सभासदहरुको जिज्ञासाहरुबारे स्पष्ट पार्न सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरि राम सुवालले विद्यमान शिशु स्याहारलाई व्यवस्थित गर्न कार्यविधि तयार पारेको, स्वस्थ र पोषणयुक्त खाजाको व्यवस्था गरिने, औषधि उपचार खर्च आकस्मिक सेवाको लागि व्यवस्था गरेको, स्वास्थ्य बीमाको पनि व्यवस्था गरेको, विज्ञ राख्न सकिने, कर्मचारीहरुको काम कर्तव्य थप गर्न सकिने सहयोग समितिमा स्वास्थ्यकर्मी सदस्य राख्ने सम्बन्धमा छलफल गर्न सकिने प्रष्ट पार्नुभयो ।

४. सभा अध्यक्ष सुनिल प्रजापतिले उक्त प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त कार्यविधि पारित भएको घोषणा गर्नुभयो ।

५. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी 'आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७' सम्बन्धी छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनु भयो ।

६. भक्तपुर नगरपालिका 'आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७' छलफलमा भाग लिनु हुंदै सभासद श्री गोविन्द दुवालले जेष्ठ नागरिकहरुलाई छोराछोरीले स्याहार नगरेको पुरानो घटना सुनाउंदै वृद्ध वृद्धा नहेर्ने छोराछोरीलाई आवश्यक कार्वाही गर्नुपर्ने वा कारवाहीको व्यवस्था गर्नुपर्ने, सहयोग समितिमा ७० वर्ष नाघेको जेष्ठ नागरिक सदस्य थप्नुपर्ने, विदेशी सहयोग लिने विषयमा प्रष्ट हुनुपर्ने, सभासद श्री बलराम न्हिसुतुले आदर निकेतन र दिवा सेवाबारे प्रष्ट पार्नुपर्ने, भ.न.पा.को समाज कल्याण समितिले हेर्ने उल्लेख गर्नु पर्ने, सहयोग समितिमा वडाको महिला वा पुरुष हुनुपर्ने, सहयोग समितिमा स्वास्थ्य कर्मी थप्नुपर्ने विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री सूर्य प्रसाद श्रेष्ठले परिवारको सदस्यको परिभाषामा अविवाहितको हकमा दाजुभाई, दिदी बहिनी थप्नुपर्ने, सहयोग समितिमा स्वास्थ्यकर्मी थप्नुपर्ने, आदर निकेतनका कर्मचारीहरु को योग्यता र उमेर हद उल्लेख गर्नुपर्ने, सभासद श्री ज्ञान कुमार मगजुले ११ नं. मा इच्छापत्र लेखे पनि कानूनसंग वाझिए कार्यान्वयन गर्न कठिन हुने विचार व्यक्त गर्नुभयो । सभासद श्री राजेन्द्र माकले परिवारमा कुनै सदस्य नभएका असहाय वृद्धवृद्धा थप्नुपर्ने, सरसफाई गरिदिने थप्नुपर्ने, परिवारको सदस्य नाति नातिनी लेख्नुपर्ने, सगोल परिवारमा भतिजा, भतिजी र अपुताली खाने थप्नुपर्ने, एन.जी.ओ. र आ.एन.जी.ओ. बाट संचालित आदर निकेतनलाई अनुमति दिन नहुने तर सहकारीलाई अनुमति दिनुपर्ने, भक्तपुरका नगरवासीलाई मात्र आदर निकेतनमा राख्ने उल्लेख गर्नुपर्ने र सभासद श्री हरिरत्न गोर्खालीले २(क) मा ७० वर्ष उमेर बनाउनु पर्ने, २ (छ) मा एउटै भान्छाका सबै सदस्य भनी उल्लेख हुनुपर्ने आफ्नो विचार राख्नुभयो ।

सभासद श्री शिवप्रसाद बालाले २(छ) मा एउटै चुल्हो उल्लेख गर्नुपर्ने, स्वास्थ्य बिमा गराउने उल्लेख गर्नुपर्ने, धार्मिक र सामाजिक संस्थालाई पनि आदर निकेतन संचालन गर्न दिनुपर्ने, मृत्युको स्थानमा देहान्त शब्द राख्नुपर्ने, बुंदा नं. १० मा सामाजिक परम्परा शब्द थपेर जिम्मा लगाइने छ गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता लिने जेष्ठ नागरिकबारे प्रष्ट पार्नुपर्ने र सभासद श्री तुल्सीलक्ष्मी दुमरुले मनोविज्ञ र स्वास्थ्यकर्मी  सहयोग समितिमा सदस्य राख्नुपर्ने आफ्नो विचार राख्नु भयो ।

७) सभासदहरुको जिज्ञासाहरुबारे स्पष्ट पार्न सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरि राम सुवालले भनपा क्षेत्रकालाई नै लक्षित गरी कार्यविधि तयार गरेको, सुरुमा दिवा सेवा र पछि सेवा विस्तार गर्दै लगिने, इच्छापत्र लेखेर दिनेको सम्पत्ति सदुपयोग गर्ने प्रावधान रहेको, कानूनी उपचारको लागि वाधा अड्काउ फुकाउ व्यवस्था गरेको, परिवारको सदस्यबारे छलफल गर्न सकिने, कर्मचारीको विषयमा छलफल गर्न सकिने प्रष्ट पार्नु भयो ।

८. सभा अध्यक्ष सुनिल प्रजापतिले ‘आदर निकेतन सम्बन्धी विधेयक, २०७७’ निर्णयार्थ सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त विधेयक पारित भएको घोषणा गर्नुभयो ।

९) सभा अध्यक्ष प्रजापतिले नगरसभाको अर्को बैठक सूचना जारी गरी बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको आठौं नगर सभा (पाँचौं) दिन)
## २०७७ माघ २२ गते, बिहीबार

१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले आठौं नगर सभाको पाँचौं दिनको बैठक शुरु गर्नु हुंदै 'भक्तपुर नगरपालिका लेखा समितिको प्रतिवेदन २०७७' सभासदहरुलाई वितरण गर्न कर्मचारीहरु लाई निर्देशन दिनु भयो र प्रतिवेदन सभामा छलफलको लागि प्रस्तुत गर्न लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नु भयो र संयोजक बासुकलाले लेखा समितिको प्रतिवेदन सभामा पेश गर्नुभयो । सभा अध्यक्षले सभा आधा घण्टाको लागि स्थगित गर्नुभयो ।

२) सभा पुनः शुरु गर्नु हुंदै सभा अध्यक्ष प्रजापतिले लेखा समितिको प्रतिवेदन माथिको छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो र छलफलमा भाग लिंदै श्री शिवप्रसाद बालाले प्रतिवेदनको १५ नं. बुंदामा कार्य मूल्यांकन दर फरक परेकोले समस्या देखिएको र बाराही क्षेत्रको खोला किनारको माटो पन्छाउने कामको बारे प्रश्न उठाउनु भयो । उहांले रु . ५० लाखभन्दा कम लागतका निर्माण कार्यहरु उपभोक्ता समितिबाट सम्पन्न गर्ने योजनाहरुमा १.५ प्र तिशत TDS कर कटाउनु नपर्ने परिपत्रको विषयमा प्रष्ट पार्नु पर्ने विचार राख्नु भयो ।

३) लेखा समितिको प्रतिवेदनमाथिको छलफलमा उठेका जिज्ञासाहरुबारे स्पष्ट पार्न सभाअध्यक्षबाट समय प्राप्त गरी लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलाले १५ नं. बुंदाको बेरुजु सम्बन्धमा उपभोक्ता समितिले गरेको कार्यमा कन्टिजेन्सीसमेत जोडेर हिसाब देखाएकोले उक्त रकम बेरुजु आएको र रु. ५० लाखभन्दा कम लागतको योजनामा आर्थिक ऐन अनुसार नै TDS कट्टी गर्न नपर्ने सम्बन्धमा परिपत्र गरिएको स्पष्ट पार्नुभयो ।

४) सभा अध्यक्ष प्रजापतिले 'भक्तपुर नगरपालिका लेखा समितिको प्रतिवेदन २०७७' पारित गर्न सभामा प्रस्ताव पेश गर्नुभयो र सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

५) सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०७७ माघ २६ गते, दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको आठौं नगर सभा (छैटौं दिन)
## २०७७ माघ २६ गते, सोमबार

१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले आठौं नगर सभाको छैटौं दिनको बैठक शुरु गर्नु हुंदै यस नगरपालिकाबाट गठित देहाय बमोजिमका समितिका देहाय बमोजिमका पदाधिकारीहरुबाट सम्बन्धित समितिको प्रतिवेदन प्रस्तुतीको लागि समय प्रदान गरी प्रतिवेदन पेश गरियो ।

१. महिला, बालबालिका तथा समाज कल्याण समिति : संयोजक श्री रोशन मैया सुवाल
२. युवा तथा खेलकुद समिति : संयोजक श्री श्यामकृष्ण खत्री
३. कृषि तथा बजार अनुगमन समिति : संयोजक श्री राजकृष्ण गोरा
४. विधायन समिति : संयोजक श्री हरिराम सुवाल
५. आर्थिक समिति : संयोजक श्री हरि प्रसाद बासुकला
६. लेखा समिति : सदस्य श्री जितेन्द्र मुनंकर्मी
७. सहकारी संस्था अनुगमन समिति : सदस्य श्री हरिरत्न गोर्खाली
८. खानेपानी समिति : संयोजक श्री महेन्द्र खायमली
९. निर्माण समिति : संयोजक श्री उकेश कवां
१०. शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य तथा वातावरण तथा पर्यटन समितिका : संयोजक श्री रविन्द्र ज्याख्व

११. अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति, न्यायिक समिति, मल वितरण व्यवस्थापन समिति र नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोष व्यवस्थापन कार्य समिति : संयोजक श्री रजनी जोशी

२) सभा अध्यक्ष प्रजापतिले विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई 'भक्तपुर नगरपालिका साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरणसम्बन्धी कार्यविधि –२०७७' सभामा पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त कार्यविधि सभामा पेश गर्नु भयो । सभाको बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

३) **सभा अध्यक्ष श्री प्रजापतिले बैठक पुनः संचालन गर्नु हुँदै 'ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गको विनियम २०७७ (पहिलो संशोधन) प्रस्ताव' सभा पेश गर्न शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य श्री रविन्द्र ज्याख्वलाई समय प्रदान गर्नुभयो र सदस्य ज्याख्वले उक्त संशोधन प्रस्ताव सभामा पेश गर्नु भयो ।**

४) **सभा अध्यक्ष प्रजापतिले देहाय बमोजिमको 'ख्वप इन्जिनियरिङ्ग कलेज विनियम – २०७७ ( पहिलो संशोधन) र ख्वप कलेज अफ इन्जिनियरिङ्ग विनियम – २०७७ (पहिलो संशोधन)' पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।**

**ख्वप इन्जिनियरिङ्ग कलेज विनियम २०६५ मा पहिलो संशोधन गर्न वाञ्छित हुंदा भक्तपुर नगरपालिकाको आठौं नगरसभाबाट निम्न बमोजमको संशोधन गरिएको छ ।**

**संशोधनको तिन महले विवरण**

| क्र. सं. | सम्वन्धित दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधनहुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम १५ | १५. कोटा, भर्ना समिति र झुकाव परीक्षा<br>१. यो कलेज भक्तपुर नगरपालिकाबाट संचालित भएको हुंदा देहाय बमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क) भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत<br>ख) भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत<br>ग) भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत<br>घ) दुर्गम जिल्लाक ाविद्यार्थी पाँच प्रतिशत<br>२. प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई झुकाव परीक्षासमेत लिन संचालक समितिले पाँच सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरु मध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ । | १५. विद्यार्थी कोटा र भर्ना समिति<br>१. यो कलेज संचालक समितिले विद्यार्थी भर्ना कोटा निर्धारण र भर्ना समिति गठन गरी विद्यार्थी भर्ना गर्नेछ । | भक्तपुर नगर र भक्तपुर जिल्ला (भ.न.पा. बाहेक) का योग्य विद्यार्थीहरुको आवेदन कोटा अनुसार पुग्दो नभएको । |

**ख्वप कलेज अफ इन्जिनियरिङ्ग विनियम २०६५ मा पहिलो संशोधन गर्न वाञ्छित हुंदा भक्तपुर नगरपालिकाको आठौं नगरसभाबाट निम्न बमोजमको संशोध नगरिएको छ ।**

संशोधनको तिनमहले विवरण

| क्र.सं. | सम्वन्धित दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधनहुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम १५ | १५. कोटा, भर्ना समिति र झुकाव परीक्षा<br>१. यो कलेज भक्तपुर नगरपालिकाबाट संचालित भएको हुंदा देहाय बमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क) भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत<br>ख) भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत<br>ग) भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत<br>घ) दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत<br>२. प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई झुकाव परीक्षा समेत लिन संचालक समितिले पाँच सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरु मध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ । | १५. विद्यार्थी कोटा र भर्ना समिति<br>१. यो कलेज संचालक समितिले विद्यार्थी भर्ना कोटा निर्धारण र भर्ना समिति गठन गरी विद्यार्थी भर्ना गर्नेछ । | भक्तपुर नगर र भक्तपुर जिल्ला (भ.न.पा. बाहेक) का योग्यविद्यार्थीहरुको आवेदनकोटा अनुसार पुग्दो नभएको । |

५) सभा अध्यक्ष प्रजापतिले चालू आ.व.२०७७/०७८ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पूँजीतर्फ बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव प्रस्तुत गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उपप्रमुख श्री रजनी जोशीलाई समय प्रदान गर्नुभयो र उपप्रमुख जोशीले बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव सभामा पेश गर्नुभयो ।

६) सभा अध्यक्ष प्रजापतिले प्रस्तुत बजेट संशोधन प्रस्ताव माथिको छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

७) बजेट संशोधन प्रस्ताव माथिको छलफलमा भाग लिनु हुंदै सभासद श्री सिद्धिराम अवालले अरनिको सभा भवन निर्माण योजनाको बजेट अरु शीर्षकमा रकमान्तरणबारे स्पष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो । त्यस्तै छलफलमा भाग लिंदै सभासद श्री राजेन्द्र माकले टि.भी., एफ.एम. रेकर्डिङ्ग केन्द्र निर्माण कार्यको बजेट दुबेंकी फल्चा पुनः निर्माण कार्यमा रकमान्तरण गर्दा उक्त रेकर्डिङ्ग केन्द्र निर्माण नहुने हो कि भनी आशंका व्यक्त गर्नुभयो ।

८) **सभा अध्यक्ष प्रजापतिले बजेट संशोधनमाथिको छलफलमा सभासदहरुले उठाउनु भएका जिज्ञासाहरु लाई प्रष्ट पार्दै बजेट तथा कार्यक्रम संशोधनले सरकारबाट प्राप्त हुने अनुदानमा फरक नपर्ने र रेकर्डिङ्ग केन्द्रमा विनियोजित पूरै बजेट संशोधन नगरेको हुंदा नेपाल सरकारबाट अनुमति प्राप्त भएपछि उक्त केन्द्र निर्माण कार्य अगाडि बढाउने प्रष्ट पार्नुभयो ।**

९) **सभा अध्यक्ष प्रजापतिले देहाय बमोजिमको चालू 'आ.व.२०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पूंजीगत तर्फ केही बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव' पारित गर्न सभामा पेश गर्नु भयो । उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।**

| आ.व. २०७७/७८ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत पूंजीगततर्फ बजेट तथा कार्यक्रम प्रस्ताव | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र स** | **आ.व. २०७७/०७८ को लागि स्वीकृत योजनाहरू** | **विनियोजित बजेट** | **साविक योजनामा कट्टा गरी बांकी विनियोजित बजेट** | **चालू आ.व. २०७७/०७८ को लागि थप बजेट संशोधन तथा थप नयां रकमान्तरित योजनाहरू** | **ल.ई.** | **रकमान्तरित विनियोजित रकम (जम्मा नपुग रकम)** |
| १ | महेश्वरी खेल मैदान निर्माण कार्य | ६,५००,०००।०० | १,०५९,१२२।६६ | छिपा तां (पुल) पुन:निर्माण कार्य | ९,९४१,७९७।९१ | ५,४४०,८७७।३४ |
| २ | भार्वाचो बहुउद्देश्यीय भवन निर्माण कार्य | ६,५००,०००।०० | २,६४९,३५६।९० | रानी पाखेरी पुन:निर्माण कार्य | ६,४६७,१४२।३० | ३,८५०,६४३।१० |
| ३ | अरनिको सभा भवन निर्माण कार्य | ६,०००,०००।०० | ३,२०४,८७०।८० | विश्वकर्मा आंगछें पुन: निर्माण कार्य | ९,९६८,५२३।२४ | २,७९५,१२९।२० |
| ४ | टीभी, एफएम रिकर्डिंग केन्द्र निर्माण कार्य | ५,०००,०००।०० | २,०००,०००।०० | दुबेंकी फल्चा पुन:निर्माण कार्य | ४,८२०,४३७।५० | ३,०००,०००।०० |
| | **जम्मा** | **२४,०००,०००।००** | **८,९१३,३५०।३६** | **जम्मा** | **३१,१९७,९००।९५** | **१५,०८६,६४९।६४** |

१०) **सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०७७ फागुन १ गते, शनिबार बिहान ११:०० बजे बस्ने जानकारी गराउनु भयो ।**

# भक्तपुर नगरपालिकाको आठौं नगर सभा (सातौं दिन)
## २०७७ फागुन १ गते, शनिबार

१) सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले आठौं नगर सभाको सातौं दिनको बैठक शुरु गर्नु हुंदै विशेष समयमा बोल्न चाहने सभासदहरुलाई नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनुभयो ।

२) विशेष समयमा बोल्नु हुंदै सभासद् श्री सूर्यप्रसाद श्रेष्ठले सीपमूलक, कृषि र खेलकुद तालिमबाट प्राप्त सीपको सदुपयोग भए नभएको अनुगमन र थप सीपमूलक तालिम प्रदान गर्नुपर्ने, भ.न.पा.को रिङ्गरोडमा सडक बत्ती विस्तार कार्य अरनिको राजमार्गमा पनि गर्नुपर्ने, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको पीडितहरुको जायज माग पूरा गर्नुपर्ने, घर बाटो सिफारिस शुल्क जग्गाको क्षेत्रफलको आधारमा लिनुपर्ने, सरसफाईमा विशेष ध्यान दिनुपर्ने, PID ढल व्यवस्थापन अझ व्यवस्थित गर्नुपर्ने, हाकुफो हिटिदेखि मुपुज्वः सम्मको ढल व्यवस्थित गर्नुपर्ने, १ नं. वडा क्षेत्रका सामुदायिक विद्यालयहरु व्यवस्थित रुपमा संचालन गर्नुपर्ने, सभासद श्री ज्ञानकुमार मगजुले नक्सा सूचिकृत के कस्तो भइरहेको छ, स्लोप छाना नराखेकोले अर्को व्यवस्था गर्नुपर्ने, पर्ती जग्गा अतिक्रमणको नक्सा पास रोक्नु पर्ने, कर टोली परिचालन गर्नुपर्ने, कमलविनायक बहुउद्देश्यीय भवन तत्काल निर्माण गर्नुपर्ने, सडक बत्ती व्यवस्थित गर्नुपर्ने, नक्सा अभिलेखीकरण गर्नुपर्ने, मुद्दा शाखाको गुनासो सम्बोधन गर्नुपर्ने, कमलविनायक बसपार्क व्यवस्थित गर्नुपर्ने, CTEVT संग समन्वय गरी सीपमूलक तालिम संचालन गर्नुपर्ने र कर्मचारीहरुलाई मर्यादित बनाउनु पर्ने विचार राख्नुभयो ।

त्यस्तै सभासद श्री बलराम न्हिसुतुले तलेजुभित्रको पौभा संरक्षण र प्रदर्शनीको व्यवस्था गर्नुपर्ने, टौमढी क्षेत्रलगायत सम्पदा क्षेत्रमा बत्तीको व्यवस्था गर्नुपर्ने, नगरका प्रा.वि. तहका विद्यालयहरुको अनुमगन गर्नुपर्ने, मुद्दाको निर्णय छिटो गर्नुपर्ने, स्लोप छाना राख्नु पर्ने नियम लचकदार बनाउनु पर्ने, अनियमित निर्माण निरीक्षण शुरुमा निरीक्षकबाट पछि प्राविधिकबाट गराउनु पर्ने, सभासद श्री शिव प्रसाद बालाले सडक बत्तीको लागत बढेको र बत्तीको छनौट कम वाट र धेरै प्रकाश फाल्ने राख्नुपर्ने, सडक बत्ती व्यवस्थामा ल.ई., BOK, Watt नमिलेको गुनासोबारे प्रष्ट पार्नुपर्ने, ब्रम्हायणी कुम्पाख सडकको लागि छुट्टै मापदण्ड आवश्यक नभएको, होर्डिङ्ग बोर्ड र विज्ञापन कर संकलन गर्नुपर्ने र प्रमाणित गर्नुपर्ने, त्यस्तै सभासद श्री राजेन्द्र माकले भारतको सीमा अतिक्रमण र सीमा क्षेत्र निर्मित अनियमित संरचनासम्बन्धी विरोध प्रस्ताव पारित गर्नुपर्ने । सडक पेटीमा पसल राख्ने फुटपाथे पसलेलाई कारवाही गर्नुपर्ने, संरक्षित सम्पदा सदुपयोग गर्नुपर्ने र यसको दुरुपयोग रोक्नु पर्ने, बजार अनुगमनबाट अखाद्य वस्तु व्यापार गर्ने ठेलागाडा व्यापार नियन्त्रण गर्नुपर्ने, सडक बत्ती व्यवस्थित गर्नुपर्ने, वडा कार्यालयमा कार्यबोझ अनुसार

थप कर्मचारी व्यवस्था गर्नुपर्ने, सामुदायिक विद्यालयहरुको भौतिक निर्माणमा सहयोग गर्नुपर्ने, नपाका कर्मचारीहरुलाई बढुवा र स्थायी गर्ने प्रक्रिया अगाडि बढाउनु पर्ने, सफाईसम्बन्धी गुनासो सम्बोधन गर्नुपर्ने, अमर्यादित कर्मचारीलाई कारवाही गर्नुपर्ने, सफाई अभियान पुनः संचालन गर्नुपर्ने, वडा निरीक्षकहरुलाई जवाफदेही बनाउनुपर्ने, नगरको खानेपानी समस्या समाधान गर्न विभिन्न स्थानमा डिप बोरिङ्ग गर्नुपर्ने विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री श्याम सुन्दर मातांले देको मिवा इतापाके जग्गा एकीकरण अयाोजनाको पीडितहरुको गुनासो सम्बोधन गर्नुपर्ने, ढल व्यवस्थाबारे स्पष्ट पारी सेफ्टीट्यांक अनिवार्य नहुने बारे स्पष्ट गर्नुपर्ने, वडा नं. १, २ र ६ को लागि छुट्टै नक्सा फांट व्यवस्था गर्नुपर्ने, हाकुफो हिटीदेखि मुपुज्व : सम्मको ढल व्यवस्थित गर्न नपाले पहल गर्नुपर्ने, सरसफाईमा ध्यान दिनुपर्ने, सोलार सडक बत्तीको स्थानमा विजुली (विद्युत) बाट बल्ने सडक बत्ती व्यवस्थापन गर्नुपर्ने, शहीद स्मृति खेल मैदानको स्वामित्वसम्बन्धी समस्या समाधान गर्न प्रक्रिया अगाडि बढाउनु पर्ने, सभासद श्री मंगल लक्ष्मी शाहीले कोभिड-१९ को प्रयोजनको लागि राखिएका ट्यांकी व्यवस्थापन गर्नुपर्ने, नपा कार्यालय भवनको सुरक्षा वार व्यवस्थित गर्नुपर्ने, इन्द्रायणी वरपरको जग्गा संरक्षण गर्नुपर्ने, फसिदेग पछाडिको गेट सुधार गर्नुपर्ने, आवास योजनाका पीडित किसानहरुको माग सम्बोधन गर्नुपर्ने विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री जितेन्द्र मुनंकर्मीले कर्मचारीहरु सदाचारी नभएको र आर्थिक प्रलोभनमा परेको, कर्मचारीहरुले विभिन्न लाभ लिएर मात्र काम गरेको, कर्मचारीले लेखेको नक्सा मात्र पास हुने गुनासो आएको, वडा निरीक्षकहरुलाई वडामा नै हाजिर गराउने व्यवस्था गर्नुपर्ने, बहालवाला कर्मचारी सहकारी संस्थाको कार्य समितिमा नराख्ने व्यवस्था मिलाउनु पर्ने, बजार अनुगमनमा एकै जना वडा निरीक्षकलाई राख्न नहुने र सम्बन्धित वडाका वडा निरीक्षकलाई राख्नुपर्ने, सभासद श्री हरिरत्न गोर्खालीले वडा बजेट समयमै निकासा गर्नुपर्ने, सरसफाई कार्यको लागि कर्मचारी थप्नुपर्ने, हनुमानघाटको छिपातांसंगैको घाट र सडक मिलाउनु पर्ने, नक्सा पास सहज गर्न नपाले नै नक्सा बनाएर दिने व्यवस्था गर्नुपर्ने, साँस्कृतिक नगर घोषणा गराउने सम्बन्धमा पहल गर्नुपर्ने, ख्वप विश्वविद्यालय अनुमतिको लागि पहल गर्नुपर्ने, पुरानो न.पा. भवन पुनः निर्माण गरी संग्रहालय बनाउनु पर्ने, तब्याखुशीदेखि आवश्यक व्यवस्था गरी हनुमन्ते खोला सुधार गर्नुपर्ने, नगर प्रवेश मार्ग क्षेत्रमा पार्किङ्ग व्यवस्था गर्नुपर्ने,, नगर बसको व्यवस्था गर्नुपर्ने, वधशाला र तरकारी बजार बनाउनु पर्ने, आदर निकेतन संचालन प्रक्रिया यथाशीघ्र अगाडि बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

सभासद श्री सिद्धिराम अवालले नगरपालिकाद्वारा संचालित सबै कलेजहरुको आम्दानी र खर्चको पूर्ण विवरण सभामा पेश गर्नुपर्ने, पशु वधशाला र तरकारी बजार निर्माण किन नभएको, मुद्दा फैसला

प्रक्रिया ढिलो भएकोले छिटो फैसला गर्नुपर्ने, विकास निर्माणको कार्य पुनः सुचारु गर्नुपर्ने र सोको लागि बजेट व्यवस्था गर्नुपर्ने, टेराकोटा झ्याल भएको भवन पुनः निर्माणको लागि बजेट निकासा छिटो गर्नुपर्ने, आवास योजनाको समस्या समाधान गर्नुपर्ने, सभासद श्री गोविन्द दुवालले खोला छेउमा ढल व्यवस्था गर्ने कार्य ढिलाई बारे प्रष्ट पार्नुपर्ने, महाकाली क्षेत्रमा आदर निकेतन बनाउनु पर्ने, सडक बनेको क्षेत्रको लगत कट्टा गर्ने व्यवस्था गर्नुपर्ने, आवास योजना पिडितहरुको जायज माग सम्बोधन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

३. सभा अध्यक्ष सुनिल प्रजापतिले छलफलमा उठेका जिज्ञासाबारे प्रष्ट पार्न आर्थिक समितिका संयोजक श्री हरि प्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले कर टोली गठन गरी कर संकलन गर्ने तयारी भइरहेको, कमलविनायक पोखरीमा पनि आय आर्जन हुने गरी नौका बिहार संचालन गर्ने, विज्ञापन कर संकलन गर्न तयारी भइरहेको, देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा अहिले जटिलता आएको र यसमा सुधार भइरहेको, पीडितहरुको गुनासो व्यवस्थापनको लागि समिति गठन भएको र पीडितहरुको गुनासो सुन्ने काम भइरहेको प्रष्ट पार्नुभयो ।

४. सभा अध्यक्षबाट समय प्राप्त गरी छलफलमा उठेका जिज्ञासाबारे प्रष्ट पार्दै कृषि समिति र बजार अनुगमन समितिका संयोजक श्री राजकृष्ण गोराले बजार अनुगमन र बजार व्यवस्थापन भइरहेको र तरकारी बजारको लागि अध्ययन भइरहेको, चिस्यान केन्द्र र वधशालाको लागि उपयुक्त ठाउं खोजि भइरहेको प्रष्ट पार्नुभयो ।

५. सभा अध्यक्षबाट समय प्राप्त गरी छलफलमा उठेका जिज्ञासाबारे प्रष्ट पार्दै महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक श्री रोशनमैया सुवालले युवा र महिला लक्षित शिपमूलक तालिम प्रदान भइरहेको, नेपाल भाषा तालिम प्राप्त शिक्षक शिक्षिकाहरुबाट स्थानीय पाठ्यक्रम अध्ययन अध्यापनमा भाषाको शिप प्रयोग गरिरहेको, सिलाई तालिम प्राप्त महिलाले आफ्नै टेलर्स संचालन गरिरहेको र टेलर्समा काम गरिरहेको, पाक शिक्षाको तालिम पर्यटन उद्योग लक्षित रहेको तर गृहिणीहरु बढी तालिम लिन खोजेकोले सो सम्बधी सूचना प्रवाह गर्नुपर्ने र केही तालिम प्राप्त प्रशिक्षार्थीहरुले सम्बन्धित क्षेत्रमै कार्यरत रहेको, विद्युत, प्लम्बिङ्ग र मोबाइल मर्मत सम्बन्धी तालिम संचालन गर्नुपर्ने माग भएको, आदर निकेतनसम्बन्धी नियमावली पारित भइसकेकोले शिघ्र निर्माण र संचालन हुने विश्वास गर्न सकिने धारणा राख्नुभयो ।

६. सभा अध्यक्षबाट समय प्राप्त गरी छलफलमा उठेका जिज्ञासाबारे प्रष्ट पार्दै न्यायिक समितिका सदस्य श्री हरिराम सुवालले साप्ताहिक रुपमा इजलास र न्याय समिति बैठक बसी मुद्दा सम्बन्धी सुनुवाई र

फछ्र्यौट भइरहेको तर केही मुद्दाहरु प्राविधिक कारणले ढिलाई भइरहेको, फैसला दिन मिल्ने मुद्दा छिटो फछ्र्यौट भएको प्रष्ट पार्नुभयो । त्यस्तै न्यायिक समिति सम्बन्धी थप प्रष्ट पार्दै उपप्रमुख एवं न्यायिक समितिका संयोजक श्री रजनी जोशीले मुद्दा परिपक्व हुन समय लाग्ने भएकाले ढिलो भएको, नगरसभा संचालन भइरहेको अवस्थामा गुनासो सम्बोधन गर्ने क्रममा केही प्राविधिक कमजोरी भएको हुन सक्ने र कोभिड–१९ को कारण मुद्दा फछ्र्यौट कार्यमा ढिलाई भएको प्रष्ट पार्नुभयो ।

७. सभा अध्यक्षबाट समय प्राप्त गरी छलफलमा उठेका जिज्ञासाबारे प्रष्ट पार्दै वातावरण र पर्यटन समितिका संयोजक र शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिका सदस्य श्री रविन्द्र ज्याख्वले सफाई मजदुरहरु विभिन्न कारणले विदा भएको र पछिल्लो चरणमा सफाई कर्मचारी थप्न नसकिएको र मितव्ययिता अपनाउन संघीय सरकारले राजपत्र समेत जारी गरेको अवस्थाले कर्मचारी थप्न नसकिएको, कर्मचारीहरु परिचालनको लागि सम्पूर्ण जनप्रतिनिधिहरुले पनि निगरानी गर्नुपर्ने, अव्यवस्थित पार्किङ्ग व्यवस्थित गर्न निरन्तर आग्रह भइरहेको र नगर प्रहरीको अभावमा कारवाही प्रक्रिया अगाडि बढाउन नसकिएको, कोभिडका लागि व्यवस्था गरेको पानी ट्यांकी अनावश्यक जती हटाउने व्यवस्था गरिने, आधारभूत तहको विद्यालय अनुगमन गर्नुपर्ने सुझाव राम्रो भएको र यसको कार्यान्वयन गर्ने, सबै विद्यालयको नियमित अनुगमनको व्यवस्था गर्ने, सम्पदाहरु दुरुपयोग भएकोमा प्रहरीसंग समन्वय गरेर नियन्त्रण गर्ने र आवश्यक ठाउँमा बत्तीको व्यवस्था गर्ने र नयाँ पुस्तालाई दुर्व्यसनीबाट जोगाउन आवश्यक पहल गर्ने प्रष्ट पार्नुभयो ।

८. सभा अध्यक्षबाट समय प्राप्त गरी छलफलमा उठेका जिज्ञासाबारे प्रष्ट पार्दै निर्माण समितिका संयोजक श्री उकेश कवांले नक्सा पास र दर्ता संख्याको तथ्यांक अनुसार नक्सा पास प्रक्रिया ढिलो नभएको, नियम विपरीतका समस्या भएका नक्सा पास गर्न ढिलो भएको हुन सक्ने, सम्पदा संरक्षणको लागि आवश्यक रकम रकमान्तरण गरी कार्य अगाडि बढाइएको,

सडक बत्ती व्यवस्था नेपाल सरकारले पठाएको बजेट अनुसार नै कार्य अगाडि बढिरहेको र यसको डिजाइन र ल.ई ख्वप इन्जिनियरिङ्ग कलेजका इलेक्ट्रिकल ईन्जिनियरहरुको प्राविधिक सहयोगबाट तयार भएको, बाटो अनुसार बत्ती व्यवस्था गरेको, अहिलेसम्म ४२५ सेट नै सडक बत्ती व्यवस्था गरिसकेको, टेण्डर र BOK मा फरक भएकोमा प्राविधिकसंग छलफल गरी मिलाएको, नगरका विभिन्न क्षेत्रको पोल र प्रयोग भएको केबुलको नाप जानकारी गराउनु भयो । बढी भएको पोलको लागि मात्र थप केबुल आवश्यक भएको, सल्लाघारीदेखि सूर्य विनायकसम्मको अरनिको राजमार्गमा पछि बत्ती व्यवस्था गर्न सकिने, दक्ष प्राविधिकबाट नै सडक बत्तीकोव्यवस्था गरेको, सहरको सबै ठाउंमा विद्युतबाट बल्ने सडक बत्ती नै व्यवस्था गर्न सकिने, ढल व्यवस्था भएको ठाउंमा सेफ्टीट्यांकी राख्नु

नपर्ने सम्बन्धमा भवन विभागको नियमले अनुमति नदिएको, सम्पदा क्षेत्रमा बत्तीको व्यवस्था गर्न बढी खर्च लाग्ने तर  विस्तारै सबै सम्पदा क्षेत्रमा सडक बत्तीको व्यवस्था गर्दै जाने, न.पा.को आर्थिक क्षमता अनुसार खानेपानीको डिप बोरिङ्ग भइरहेको, तेराकोटा झ्याल संरक्षणको लागि बजेट व्यवस्था भएको, छिपातांसंगै घाट र बाटो सुधारको लागि योजना शाखाको ध्यानाकर्षण भइसकेको, सांस्कृतिक नगर घोषणा गराउन पहल भइरहेको, ख्वप विश्वविद्यालय संचालन गर्न पहल भइरहेको, भनपाको पुरानो भवनमा संग्रहालय संचालन गर्न सो भवनको पुनः निर्माँणको लागि तयारी भइरहेको प्रष्ट पार्नुभयो ।

९. सभा अध्यक्ष सुनिल प्रजापतिले २० मिनेटको लागि बैठक स्थगन पछि पुनः शुरुवात गर्नु हुंदै 'भक्तपुर नगरपालिका साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरणसम्बन्धी कार्यविधि –२०७७' माथिको छलफलमा भाग लिन चाहने सभासदहरुको नाम टिपाउन र कर्मचारीहरुलाई नाम टिप्न निर्देशन दिनु  भयो ।

१०. छलफलमा भाग लिंदै सभासद श्री सूर्य प्रसाद श्रेष्ठले कार्यविधिको परिभाषाको २(१९) मा क्रियापुत्री भवन पनि उल्लेख गर्नुपर्ने, सार्वजनिक भवनमा मस्जिद र मार्ट उल्लेख गर्नुपर्ने, वारेसको पनि उल्लेख गर्नुपर्ने, धरौटीको व्यवस्था गर्नुपर्ने, बुंदा नं. ४ मा दस्तुर हालको वा साविक हो प्रष्ट हुनुपर्ने, ९.२ मा भिडभाड हुने खुल्ला व्यापार व्यवसाय संचालन गर्न नपाइने उल्लेख गर्नुपर्ने, संधियारलाई लालपुर्जाको प्रतिलिपि दिनुपर्ने व्यवस्था अप्थ्यारो हुने र वारेसनामाको सक्कल कागज राख्ने उल्लेख गर्नुपर्ने, सभासद श्री बलराम न्हिसुतुले ९'X९' को पिलरबाट १ तल्ला बनाइराखेकोले थप निर्माण गर्न पाउने नपाउने र २ तल्लाको नक्सा ४ तल्ला निर्माण भएमा के हुने, सेफ्टी ट्यांकी दस्तुर सो नबनाएकोमा दस्तुर लिन नहुने र लिनुपर्ने भए बनाउन लगाउनु पर्ने विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री शिवप्रसाद बालाले तेब्बर दस्तुर र धरौटी पनि सोही अनुसार हुने नहुने प्रष्ट पार्नुपर्ने, निर्माण सम्पन्न नलिएको प्लानिङ्ग क्षेत्रमा मापदण्ड फेरिन्दा घरलाईन बिग्रने हुंदा सो विषयमा व्यवस्था गर्नुपर्ने र निर्माण सम्पन्न प्रमाण पत्र दिनुपर्ने, गोरेटो बाटोमा नापी नक्सा भएको र नभएकोमा छोटो (२०० मी.सम्मको) बाटोमा मापदण्डको छुट्टै कोलम व्यवस्था गर्नुपर्ने, बाटोको केन्द्र किटान सामुन्नेको घरको पनि सहमतिमा गराउनु पर्ने र बाटो छेउबाट १.५ मी. सेटबाय्क कायम गर्नुपर्ने, बाटोको दुरी वडाबाट किटान गरी मापदण्ड कायम गर्नुपर्ने, सभासद श्री राजेन्द्र माकल परिभाषाको २.६ मा २.७ मा फरक परेकोले एकरुपता ल्याउनु पर्ने, ४.५ मा निर्माणकर्ताको ना.प्र.प. को प्रतिलिपी पनि समावेश गर्नुपर्ने, सार्वजनिक तथा संधियारको जग्गा अतिक्रमण भएको हुनु नहुने, अनियमितताको प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा पनि बोधार्थ दिनुपर्ने विचार राख्नुभयो ।

त्यस्तै सभासद श्री श्याम सुन्दर मातांले सफाई करको सट्टा सफाई सेवा शुल्क गर्नुपर्ने, बैंकमा रकम जम्मा गरेको भौचर उल्लेख गर्नुपर्ने, ठेकेदारको सम्बन्धित कागजात राख्ने उल्लेख गर्नुपर्ने, साविक मापदण्डको निर्माणमा भएका अनियमितता सम्बोधन गर्नुपर्ने, सूचिकृत भइसकेका घरले निर्माण सम्पन्न प्रमाण पत्र पाएपछि बैंकिङ्ग प्रयोजनका लागि उपयोगी हुने नहुने प्रष्ट पार्नुपर्ने, अनियमित निर्माण गरेर पनि विद्युत र खानेपानी सेवा प्राप्त गरेको सम्बन्धमा प्रष्ट पार्नुपर्ने, सभासद श्री गोविन्द दुवालले ६.४ मा मन्जुरी दिएकोमा सार्वजनिक सम्पदामा मर्का परे नपरेको हेर्ने थप्नुपर्ने, अनियमित निर्माणको सम्बन्धमा समयमा प्रतिवेदन नदिने वडा निरीक्षकहरुलाई कारवाही गर्नेछ उल्लेख गर्नुपर्ने, सर्जमिन गर्दा सार्वजनिक सम्पदा मिचिए सर्जमिन गर्ने कर्मचारीलाई कारवाही गर्नुपर्ने, घरसंगै जोडिएको जग्गामा थप निर्माण गर्न दिंदा पर्याप्त हावा र प्रकाश पुग्ने नपुग्नेमा ध्यान दिनुपर्ने विचार राख्नु भयो ।

११. सभा अध्यक्ष प्रजापतिले कार्यविधिमाथिको छलफलमा उठेका सभासदहरुको जिज्ञासालाई स्पष्ट पार्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र स्पष्ट पार्दै संयोजक सुवालले तत्कालीन मापदण्ड अनुसार बनेको नक्सा पास नभएका घरहरुलाई सूचिकृत गरी पास गर्ने उद्देश्यले कार्यविधि तयार पारेको, घर जनाउन, धारा र विद्युत जडान गर्न सिफारिस गर्ने, सार्वजनिक जग्गा मिचेको घर सूचिकृत नहुने, यो कार्यविधि एक पटकको लागि मात्र बनेको, सभासदहरु को सुझाव समावेश गरिने प्रष्ट पार्नुभयो ।

१२. सभा अध्यक्ष प्रजापतिले 'भक्तपुर नगरपालिका साविक मापदण्ड अनुसार निर्माण भएका घर/भवनको नक्सा पास र सूचिकरणसम्बन्धी कार्यविधि -२०७७' पारित गर्न सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त कार्यविधि पारित भएको घोषणा गर्नुभयो ।

१३. सभा अध्यक्ष प्रजापतिले चालू आ.व. २०७७/०७८ को स्वीकृत आर्थिक विधेयकमा थप करसम्बन्धी प्रस्ताव पेश गर्न आर्थिक समितिका संयोजक श्री हरि प्रसाद बासकुलालाई समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले कर सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

१४. सभा अध्यक्षले प्रस्तुत कर प्रस्ताव माथिको छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

१५. कर प्रस्तावमाथिको छलफलमा भाग लिनु हुंदै सभासद श्री शिव प्रसाद बालाले स्नुकर खेलाउने ठाउंको पनि कर लगाउनु पर्ने, सभासद श्री हरिरत्न गोर्खालीले ख को ई मा बाल उद्यान शब्द थप गर्नुपर्ने सुझाव दिनुभयो ।

१६. सभा अध्यक्ष प्रजापतिले आर्थिक समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई सभासदहरुको जिज्ञासालाई स्पष्ट पार्न समय प्रदान गर्नुभयो र स्पष्ट पार्दै संयोजक बासुकलाले पुल हाउस कानूनी रु पले बन्देज लगाएको व्यवसाय भएकोले करको दायरामा ल्याउन नसकिएको, बाल उद्यान शब्द थप गर्न सकिने प्रष्ट पार्नुभयो ।

१७. सभा अध्यक्ष प्रजापतिले चालू आ.व.२०७७/०७८ को आर्थिक विधेयकमा देहाय बमोजिमको थप कर सम्बन्धी प्रस्ताव स्वीकृतिको लागि सभामा प्रस्ताव पेश गर्नुभयो र उक्त प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो :

<u>कर सम्बन्धी प्रस्ताव</u>

१. कर छुटको म्याद थप सम्बन्धमा :

यस भक्तपुर नगरपालिकाभित्रको घर जग्गामा लाग्ने सम्पत्ति कर (घर जग्गा कर) २०७७ पौष मसान्तभित्र बुझाएमा आवासीय घरको हकमा आ.व. २०७५/०७६ सम्मको घर जग्गाको करको बक्यौतामा ५० प्रतिशत छुट दिने निर्णय यस अघि भएकोमा वर्तमान कोभिड–१९ को असरबाट नगरवासीहरुलाई राहत समेत दिन र बक्यौता असुलीमा थप प्रभावकारिता ल्याउन उक्त कर छुटको म्याद २०७८ असार मसान्तसम्म थप गर्ने ।

२. साविक आ.व.२०७७।०७८ को कर दस्तुरको दरमा निम्न अनुसार संशोधन तथा थप गर्ने निर्णय गरियो :

क. संशोधन – प्रति गाडी निकासीमा लाग्ने कवाडी कर

- ठूला सवारी साधन (ट्रक, लरी आदि) बाट निकासी गर्दा प्रति गाडी साविक रु.१,०००।– बाट रु.३,०००।– गर्ने
- साना सवारी साधन (मिनी ट्रक, टाटा मोबाइल आदि) प्रति गाडी साविक रु.५००।–बाट रु. १०००।– गर्ने ।

ख. शीर्षक थप

अ. नगरपालिकाले व्यवस्था गरी जिम्मा दिएको सःशुल्क सार्वजनिक शौचालयका लागि सेवाग्राहीसंग लिन पाउने अधिकत्तम शौचालय सेवा शुल्क :

दिसा बस्दा : रु.१०।–

पिसाव गर्दा : रु.५।-

आ. बर्गर हाउस वार्षिक कर

क. श्रेणी रु.१५,०००।-

ख. श्रेणी रु. १०,०००।-

ग. श्रेणी रु. ५,०००।-

इ. शहीद स्मृति उद्यान प्रवेश शुल्क प्रतिव्यक्ति रु. १०।- लिने
(विद्यार्थी, जेष्ठ नागरिक तथा अपाङ्गलाई ५० प्रतिशत छुट तथा ५ वर्ष मुनिका बालबालिकालाई पूर्ण छुट)

ई. नगर क्षेत्रभित्रबाट विना स्वीकृति माटो, बालुवा आदि झिकी विक्री वितरण वा ओसार पसार गर्नेलाई जरिवाना प्रतिपटक रु.५०,०००। सम्म लिने ।

१८. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०७७ फागुन ३ गते, सोमबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको आठौं नगर सभा (आठौं दिन)
## २०७७ फागुन ३ गते, सोमबार

१. सभा अध्यक्ष प्रजापतिले बैठक शुरु गर्नु हुंदै विधायक समितिका संयोजक हरिराम सुवाललाई ('ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७' सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त नियमावली सभामा प्रस्तुत गर्नु भयो ।

२. सभा अध्यक्ष प्रजापतिबाट समय लिई 'ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७' माथिको छलफलमा सभासद श्री राजेन्द्र माकले २४ नं मा च थपेर फौजदारी मुद्दा लागेका व्यक्ति थप्नु पर्ने, कर्मचारी नियुक्ति गर्दा सामाजिक उत्तरदायित्व र सैद्धान्तिक ज्ञानलाई पनि महत्व दिनुपर्ने, सभासद श्री शिवप्रसाद बालाले संचालक समितिको विषयमा प्रष्ट पार्नुपर्न विचार राख्नु भयो ।

त्यस्तै सभासद श्री श्याम सुन्दर मातांले संचालक समितिमा महिला सहभागिता बढाउनु पर्ने, अस्पतालमा MR ले कार्यमा वाधा पुऱ्याएमा कारवाहीको व्यवस्था राख्नुपर्ने र सभासद श्री गोविन्द दुवालले नियमावलीमा कर्मचारी बढुवाको लागि समितिलाई बढी जिम्मेवार बनाउनु पर्ने विचार राख्नु भयो ।

३. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक श्री हरिराम सुवालले उक्त नियमावलीको छलफलमाथि उठेका विषयहरुमा प्रष्ट पार्दै संयोजक सुवालले संचालन समितिमा नयां पदाधिकारी आएपछि नियमानुसार परिवर्तन हुने, प्रशासन प्रमुख ख्वप अस्पतालकै प्रशासन प्रमुख रहेको संगठन र संरचना अनुसार रहने, संचालक समितिमा महिला सदस्य थप्न सकिने, आचरणको महलमा डाक्टरहरुलाई गर्न सकिने कारवाहीको व्यवस्था भएको प्रष्ट पार्नुभयो ।

४. सभा अध्यक्षले 'ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७' पारित गर्न सभामा पेश गर्नुभयो र उक्त नियमावली सर्वसम्मतीबाट पारित भएको घोषणा गर्नुभयो ।

५. सभा अध्यक्षबाट समय लिई ख्वप कलेज व्यवस्थापन समितिका सदस्य श्री रविन्द्र ज्याख्वले 'ख्वप कलेज विनियम २०७७ (पहिलो संशोधन)' सभामा पेश गर्नुभयो ।

६. **सभा अध्यक्ष प्रजापतिले देहाय बमोजिमको 'ख्वप कलेज विनियम २०७७ (पहिलो संशोधन)' पारित गर्न सभा समक्ष पेश गर्नु भयो र सर्वसम्मतिबाट उक्त विनियम (पहिलो संशोधन) पारित भएको घोषणा गर्नुभयो :-**

**Vjk sn]h ljlgod @)^% df klxnf] ;+zf]wg ug{ jflञ्5t x'+bf eQmk'/ gu/kflnsfsf] cf7f}+ gu/ ;efaf6 lgDg adf]lhdsf] ;+zf]wg ul/Psf] 5 .**

**;+zf]wgsf] ltgdxn] ljj/0f**

| क्र.सं. | सम्वन्धितदफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम ३(२०) | "कलेजको वार्षिक योजनातथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्थागर्नेछ ।" | "कलेजको वार्षिक योजनातथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ ।कलेज साधारण सभाको सदस्य हुन नेपाली नागरिक हुनु पर्नेछ ।" | स्पष्ट गर्नु आवश्यक भएकोले |
| २ | नियम ६ | ६. देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ :<br>१. अध्यक्षः सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष : रजनी जोशी, उप प्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य | ६. क. देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ :<br>१. अध्यक्षः सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष : रजनीजोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य<br>ख. कलेज संचालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । स ंचालक समितिको पदावधि पांच वर्षको हुनेछ । भक्तपुर | स्पष्ट गर्नु आवश्यक भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा बहालवाला संचालक समिति नै पदाधिकारी हुनेछ । | |
| ३ | | | ६६.कुनै पनि कारणले कलेज संचालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल-अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । | स्पष्ट गर्नु आवश्यक भएकोले |

७. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म अन्तर नगर बुद्धिचाल प्रतियोगिता संचालन गर्ने प्रस्ताव सभा समक्ष पेश गर्नु भयो र सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो ।

८. सभा अध्यक्ष प्रजापतिले आठौं नगरसभा सम्पन्न भएको घोषणा गर्नुभयो ।